# सर्वोच्च अदालतको आर्थिक वर्ष २०७८।०७९ को वार्षिक प्रतिवेदन सम्बन्धी प्रेस विज्ञप्ति

मितिः २०८०।०३।३१

नेपालको संविधानको धारा १३८ बमोजिम सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिज्यूसमक्ष पेस गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुरूप सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूसमक्ष सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री हरिकृष्ण कार्कीज्यूले सर्वोच्च अदालतको आर्थिक वर्ष २०७८।०७९ को वार्षिक प्रतिवेदन मिति २०८०।०३।३१ मा प्रस्तुत गर्नुभयो । प्रस्तुत प्रतिवेदनमा सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालत र अन्य अदालत तथा न्यायाधिकरणबाट भएका न्याय सम्पादन तथा अन्य व्यवस्थापकिय कार्यसम्वन्धी मुख्य मुख्य विवरण र न्यायपालिकाका समसामयिक चुनौती र न्यायपालिकाले राखेका अपेक्षासहितको प्रतिवेदनको सारसंक्षेप यस प्रकार छ।

## १. मुद्दा फछ्यौंटतर्फ

### १.१ देशभरिको समग्र स्थिति

सर्वोच्च अदालतलगायत मातहत अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको १,४३,७९४ (एक लाख त्रिचालीस हजार सात सय चौरान्न नब्बे) र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका १,८१,९०८ (एक लाख एकासी हजार नौ सय आठ) गरी जम्मा मुद्दाको वार्षिक लगत ३,२५,७०२ (चार लाख पाँच हजार उनन्सत्तरी) कायम भएकोमा १,६४,०३६ (एक लाख चौसठी हजार छत्तीस) अर्थात् ५०.३६ प्रतिशत मुद्दा फछ्र्यौट भई १,६१,६६६ (एक लाख एकसठी हजार छ सय छैसठी) मुद्दा बाँकी रहेको छ।

### १.२ सर्वोच्च अदालत

सर्वोच्च अदालतमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको २७,४०४ (सत्ताइस हजार चार सय चार) र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका ९,७६५ (नौ हजार सात सय पैसठ्ठी) गरी जम्मा मुद्दाको लगत ३७,१६९ (सैतीस हजार एक सय उनहत्तर) कायम भएकोमा सोमध्ये ७,०६५ (सात हजार पैसठ्ठी) अर्थात् १९ प्रतिशत मुद्दा फछ्यौंट भई ३०,१०४ (तीस हजार एक सय चार) मुद्दा बाँकी रहेको छ।

### १.३ उच्च अदालत

उच्च अदालतहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको २२,९०२ (बाईस हजार नौ सय दुई) थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका ४३,८४८ (त्रिचालीस हजार आठ सय अठ्चालीस)

गरी मुद्दाको जम्मा लगत ६६,७५० (छैंसठ्ठी हजार सात सय पचास) कायम भएकोमा ३९,७६८ (उन्चालीस हजार सात सय अठ्सठ्ठी) मुद्दा अर्थात् [illegible] प्रतिशत फछ्र्यौट भई २६,९८२ (छब्बीस हजार नौ सय बयासी) मुद्दा बाँकी रहेको छ।

### १.४ जिल्ला अदालत

जिल्ला अदालतहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको ९०,८३७ (नब्बे हजार आठ सय सैंतीस) र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका १,२६,१६३ (एक लाख छब्बीस हजार एक सय त्रिसठ्ठी) गरी मुद्दाको जम्मा लगत २,१७,००० (दुई लाख सत्र हजार) कायम भएकोमा १,१४,४५८ (एक लाख चौध हजार चार सय अन्ठाउन्न) मुद्दा अर्थात् ५३.० प्रतिशत फछ्र्यौट भई १,०२,५४२ (एक लाख दुई हजार पाँच सय बयालीस) मुद्दा बाँकी रहेको छ।

### १.५ अन्य अदालत तथा न्यायाधिकरणहरू

अन्य अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको २,६५१ (दुई हजार छ सय एकाउन्न) र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका २,१३२ (दुई हजार एक सय बत्तिस) गरी मुद्दाको जम्मा लगत ४,७८३ (चार हजार सात सय त्रियासी) कायम भएकोमा २,७४५ (दुई हजार सात सय पैंतालीस) मुद्दा अर्थात् ५७.३९ प्रतिशत फछ्र्यौट भई २,०३८ (दुई हजार अठ्तीस) मुद्दा बाँकी रहेको छ।

## २. फैसला कार्यान्वयनतर्फ

### २.१ कैदतर्फ

यस आर्थिक वर्षमा कैदतर्फको लगत १,५६,७७७ वर्ष १ महिना १५ दिन (एक लाख छपन्न हजार सात सय सतहत्तर वर्ष एक महिना पन्ध्र दिन) रहेकोमा सोमध्ये ४९,६०८ वर्ष ६ महिना १८ दिन (उनन्पचास हजार छ सय आठ वर्ष छ महिना अठार दिन) अर्थात् ३१.६४ प्रतिशत कैद असुल भई १,०७,१६८ वर्ष ६ महिना २७ दिन (एक लाख सात हजार एक सय अठ्सठ्ठी वर्ष छ महिना सत्ताइस दिन) कैद असुल हुन बाँकी रहेको छ।

### २.२ जरिवानातर्फ

यस आर्थिक वर्षमा सबै जिल्ला अदालतहरूले असुल गर्नुपर्ने जरिवानाको कुल लगत रू.२०,०३,१८,७३,५२३।६९ (बीस अरब तीन करोड अठार लाख त्रिहत्तर हजार पाँच सय तेइस रुपैयाँ उनन्सत्तरी पैसा) रहेकोमा सोमध्ये रू.२,२८,३७,४३,९८८।५८ (दुई अरब अठ्ठाइस करोड सैंतीस लाख त्रिचालीस हजार नौ सय अठासी रुपैयाँ अन्ठाउन्न पैसा) अर्थात् ११.४० प्रतिशत असुल भई रू.१७,७४,८१,२९,५३५।११ (सत्र अरब चौहत्तर करोड एकासी लाख उनन्तीस हजार पाँच सय पैंतीस रुपैयाँ एघार पैसा) असुल हुन बाँकी रहेको छ।

## २.३ फैसला कार्यान्वयनका निवेदनतर्फ

यस आर्थिक वर्षमा फैसला कार्यान्वयनका लागि जिल्ला अदालतहरूमा परेका निवेदनहरूको जम्मा लगत ४५,४६५ (पैंतालीस हजार चार सय पैंसठ्ठी) रहेकोमा सोमध्ये २१,३१९ (एक्काइस हजार तीस सय उन्नाइस) अर्थात् ४६.८९ प्रतिशत फछ्यौंट भई २४,१४६ (चौबीस हजार एक सय छयालीस) बाँकी रहेको छ।

## ३. निरीक्षण एवम् अनुगमनतर्फ

यस आर्थिक वर्षमा उच्च अदालत एवम् इजलासहरू गरी १८ वटै अदालतहरुको भौतिक रूपमै निरीक्षण सुपरिवेक्षणको कार्य सम्पन्न भएको छ।

## ४. नजिर तथा फैसलाहरूको प्रकाशन

नेपाल कानून पत्रिकाको भाग ६२, २०७८ अंक १० सम्म प्रकाशन र सर्वोच्च अदालत बुलेटिन वर्ष ३० पूर्णाङ्क ७१४ सम्म प्रकाशन गरीएको छ। २०१५ सालदेखि हालसम्म नेपाल कानून पत्रिकामा प्रकाशित सबै निर्णयहरू विभिन्न आधारमा खोज्न मिल्ने गरी सर्वोच्च अदालतको वेभ पृष्ठमा राखिएको छ।

## ५. अभिलेख

हाल सबै अदालतहरूमा गरी ३८ लाख १० हजार ७४८ अभिलेख मिसिल रहेका छन्।

## ६. बित्तीय विवरण

आर्थिक वर्ष २०७८/०७९ मा समग्र न्यायपालिकाको लागि जम्मा बिनियोजित बजेट रु. ८,४०,९०,५०,४०९ (रु आठ अरब चालीस करोड नब्बे लाख पचास हजार चार सय नौं) मध्ये रु ७,५६,०४,०८,६७० (रु. सात अरब छपन्न करोड चार लाख आठ हजार छ सय सत्तरी) अर्थात् ८९.९१% निकासा भई खर्च भएको छ।

## ६. न्यायपालिकाका विद्यमान समस्या र सुझावहरू

- **न्यायपालिकाको स्वतन्त्रता र स्वायत्तता**

न्यायपालिकाको रणनीतिक योजना कार्यान्वयनका लागि योजनाले प्रक्षेपण गरे बमोजिमको बजेट उपलब्ध हुन सकेको छैन। बजेटको अभावमा न्यायिक सुधार प्रक्रिया प्रभावित हुन गई अपेक्षित रूपमा उपलब्धिहरू हासिल हुन सकिरहेको छैन। न्यायपालिकाको लागि आवश्यक स्रोत साधनको प्राप्ति र परिचालनमा स्वायत्तता प्राप्त हुनु अन्तर्राष्ट्रिय स्तरमा स्थापित स्वतन्त्र न्यायपालिकासम्बन्धी मान्यताको

अन्तरनिहित विषय हो। नेपालको सन्दर्भमा न्यायपालिकालाई प्राप्त संवैधानिक जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्न जनशक्ति व्यवस्थापन एवम् आवश्यक वित्तीय स्रोतको प्राप्ति र परिचालनमा स्वायत्तता प्राप्त हुन सकेको छैन। न्यायपालिकालाई आवश्यक पर्ने स्रोत साधन प्राप्तिको विषय कार्यपालिकामा निर्भर राख्ने तथा उपलब्ध स्रोत साधनको परिचालनमा स्वायत्तता समेत प्रदान नगर्ने विषयप्रति न्यायपालिकाले विगतदेखिनै गम्भीर सरोकार राख्दै आएको छ।

- **अदालतहरुको कार्यबोझ व्यवस्थापन**

सबै अदालत तथा न्यायाधिकरणहरुमा गत आर्थिक वर्षमा २,६१,९८३ मुद्दाको वार्षिक लगत कायम भएकोमा आर्थिक वर्ष २०७८/०७९ मा ३,२५,७०२ लगत कायम भई २४.३२ प्रतिशत वृद्धि भएको देखिन्छ। गत आर्थिक वर्ष २०७७/०७८ बाट जिम्मेवारी सरेका मुद्दाको संख्या १,४३,७९४ रहेकोमा आर्थिक बर्ष २०७८/०७९ मा जिम्मेवारी सरेका मुद्दाको संख्या १,६१,६६६ कायम भई १२.४२ प्रतिशत वृद्धि भएको छ। गत आर्थिक वर्ष २०७७/०७८ मा १,३९,५८२ नयाँ मुद्दा दर्ता भएकोमा यस आर्थिक वर्षमा १,८१,९०८ नयाँ दर्ता भई अघिल्लो आर्थिक वर्षको तुलनामा ३०.३२ प्रतिशतले वृद्धि भएको छ। अदालतहरुको निरन्तर बढी रहेको कार्यबोझको अनुपातमा सेवा प्रवाहका पूर्वाधार तथा आवश्यक स्रोत साधनको प्रवन्ध गर्नु पर्ने चुनौती रहेको छ।

- **फैसला कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि**

नेपालको संविधानको धारा १२६ ले मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालना गर्नुपर्ने संवैधानिक व्यवस्था गरेको छ। अदालतका आदेश वा निर्णयको पालना हुनु कानूनको शासनसम्बन्धी अवधारणाको आधारभूत मान्यता हो। फैसलाको अक्षर र भावनाको सम्मान गर्दै सोको कार्यान्वयन गरिनुपर्छ। फैसला कार्यान्वयनको अभावमा दण्डहीनता मौलाउँछ, विधिको शासन धरमराउँछ भने न्यायपालिका प्रतिको आस्था एवम् विश्वासमा आँच पुग्न सक्दछ।

असुल हुन पर्ने कैद, जरिवाना तथा क्षतिपूर्तिको लगतलाई मध्येनजर राख्दा फैसला कार्यान्वयनको लागि प्रभावकारी रूपमा कदम चाल्नुपर्ने देखिन्छ। फैसला कार्यान्वयन अदालतको एक्लो प्रयासबाट मात्र सम्भव हुन सक्ने विषय होइन। अदालतको फैसलाबाट कैद तथा दण्ड जरीवानाको सजाय भई असुली हुन बाँकी रहेका व्यक्तिहरूलाई राज्यबाट प्राप्त हुने सेवा सुविधा प्रदान गर्दा सो दण्ड जरीवाना असुल गर्ने नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएको छैन। फैसला कार्यान्वयनको सम्बन्धमा न्यायपालिकाको रणनीतिक योजनाले व्यवस्था गरेका रणनीतिक क्रियाकलापहरूको प्रभावकारी रूपमा सञ्चालनका लागि

आवश्यक सहयोग, समन्वय र स्रोत साधनको व्यवस्थापनमा सम्वन्धित निकायहरूको सक्रिय भूमिका र सहयोग अपेक्षित छ।

- **फरक मुद्दा व्यवस्थापन (DCM) पद्धतिको कार्यान्वयन**

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले न्यायिक प्रक्रियालाई छिटो, छरितो, प्रभावकारी बनाउनको लागि फरक मुद्दा व्यवस्थापन पद्धतिलाई आत्मसात गरेको छ। २०७७ साउनदेखि जिल्ला अदालत तथा भाद्रदेखि उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन पद्धति लागु गरिएको छ। यस पद्धति अन्तर्गत क्रमशः ६ महिना, १२ महिना र १८ महिनाभित्र मुद्दा फछ्र्यौट हुने गरी मुद्दाको मार्ग निर्धारण गरिएको छ। यस पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि सूचना सम्प्रेषणलगायतका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ। फरक मुद्दा व्यवस्थापन पद्धतिको कार्यान्वयनका लागि सम्वद्ध सरोकारवाला निकायहरूवाट आवश्यक स्रोत साधनको व्यवस्थापन र प्रभावकारी समन्वय एवम् सहयोग हुनुपर्ने छ।

- **न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयन**

प्रतिवेदन वर्षमा न्यायापालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना २०७६/०८१ कार्यान्वयनको आधा अवधि व्यतित भएकोले मध्यावधि मूल्याङ्कन समीक्षा समेत गरिएको छ। रणनीतिक योजनाको मध्यावधिसम्म मुद्दा फछ्र्यौटतर्फ जिल्ला अदालतहरुले योजनाले निर्धारण गरेको कार्यसम्पादन सूचकबमोजिम निर्धारित लक्ष्यको ६५.७५%, उच्च अदालतहरुले ६८.९०% र सर्वोच्च अदालतले ३५.९०% प्रगति हासिल गरेको अवस्था छ। न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कन प्रतिवेदन, २०७९ साउन १ गतेदेखि कार्यान्वयनमा ल्याइएको थियो। न्यायपालिकाको रणनीतिक योजनाले निर्धारण गरे अनुसारको कार्यक्रमहरू सञ्चालन गर्नको लागि प्रक्षेपण गरिएको बजेट उपलब्ध हुन सकेको छैन। न्यायपालिकालाई छुट्याइने बजेटलगायत स्रोत साधन व्यवस्थापनमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय लगायतका सम्वद्ध निकायबाट आवश्यक एवम् अर्थपूर्ण सहयोग र समन्वय नहुनुलाई योजना कार्यान्वयनको चुनौतीको रुपमा लिइएको छ।

- **न्यायिक काम कारवाहीमा सूचना प्रविधिको प्रयोग**

न्यायपालिकामा सूचना प्रविधिको प्रयोगलाई उच्च प्राथमिकतामा राखिएको छ। स्मार्ट जुडिसियरी (SMART Judiciary) निर्माणको लक्ष्यसहित तयार गरिएको न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी १० वर्षे गुरूयोजनाको मध्यावधि मूल्यांकन प्रतिवेदन कार्यान्वयनको क्रममा रहेको छ। न्यायिक सूचनामा सहज पहुँच होस् भन्ने उद्देश्यले सर्वोच्च अदालतले मोबाइल एप्स (Mobile Apps) सञ्चालनमा ल्याएको छ। भिडियो

कन्फरेन्समार्फत मुद्दाको सुनुवाइ गर्ने लगायत स्वचालित पेशी प्रणालीको सफ्टवेयर निर्माण तथा सञ्चालन, न्यायिक प्रक्रिया र सेवा प्रवाहलाई कम्प्युटर प्रणालीमा आवद्ध गर्नका लागि आवश्यक पूर्वाधारको विकास र अभिलेख मिसिलहरुको विद्युतीय प्रति विकास गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिएको छ। न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी गुरु योजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत, साधन र पूर्वाधार व्यवस्थापनमा सम्बन्धित सरोकारवाला निकायबाट निरन्तर सहयोग प्राप्त हुनेमा न्यायपालिका विश्वस्त रहेको छ।

- **न्यायमा पहुँच अभिवृद्धि**

न्यायमा सहज पहुँच अभिवृद्धि गर्न न्यायपालिकाले असमर्थ पक्षका लागि वैतनिक कानून व्यवसायीको सेवालाई प्रभावकारी बनाउने, अदालतको सूचना तथा सहायता कक्षलाई थप सुदृढीकरण गर्ने, कर्मचारीको व्यवहारलाई सेवाग्राहीमैत्री बनाउने तथा तत्काल सम्पन्न गर्न सकिने प्रकृतिका सेवाहरू एक घण्टाभित्र प्रदान गर्ने जस्ता व्यवस्थापकीय सुधारका कार्यहरू सञ्चालन गर्दै आएको छ।

न्यायमा पहुँच आयोगले विभिन्न वर्गका व्यक्तिहरूलाई लक्षित गरी उनीहरूको हक अधिकारको संरक्षणमा टेवा पुग्ने हिसाबले विषयगत अधिकारहरू उल्लेख गरिएको ब्रोसरहरू, दृष्टिविहीन नागरिकहरूको हक अधिकार संरक्षण गर्ने उद्देश्यका साथ ब्रेललिपिमा पनि सन्दर्भ सामग्रीहरू प्रकाशन एवम् वितरण, विभिन्न वर्ग र समुदायलाई लक्षित गरी न्यायमा पहुँच अभिवृद्धि गर्नेलगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। न्यायमा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले तयार भएको कार्य योजनाको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सरोकारवाला निकायहरूको भूमिका र दायित्व प्रभावकारी रूपमा निर्वाह हुनेमा न्यायपालिका विश्वस्त रहेको छ।

- **क्षतिपूर्तिसहितको न्यायको सुनिश्चितता**

नेपालको संविधानले अपराध पीडितलाई क्षतिपूर्तिसहितको न्याय पाउने मौलिक हकको व्यवस्था गरेको छ । उक्त संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न २०७४ सालमा जारी भएका मुलुकी संहिताहरूले पीडित वा निजको हकवालालाई क्षतिपूर्ति उपलब्ध गराउने कानूनी व्यवस्था गरेको छ । फौजदारी कसुर (पीडित राहत कोष) नियमावली, २०७७ जारी भई पीडित राहत कोष सञ्चालनमा आएको छ । पीडित पक्षलाई क्षतिपूर्तिसहितको न्यायको सुनिश्चितता गरेको संवैधानिक प्रावधान व्यवहारिक रुपमा कार्यान्वयनका लागि मातहत अदालतहरुवाट संकलन गरिएको दण्ड जरिवाना र कैद असूली वापतको रकम मध्ये कोषमा जम्मा हुने रकम समयमै केन्द्रिय पीडित राहत कोषमा जम्मा हुने प्रवन्ध गर्नु पर्ने देखिन्छ ।

- **अदालत तथा न्यायाधिकरणहरुको क्षेत्राधिकार पुनरावलोकन र जनशक्ति व्यवस्थापन**

अदालतहरुको बढ्दो कार्यचाप तथा योजनाले निर्धारण गरेको कार्य सम्पादन सूचक र कार्य प्रगति बीचको सन्तुलन कायम हुन सकेको छैन। अदालतहरुको कार्यबोझसमेतको विश्लेषण गरी क्षेत्राधिकार पुनरावलोकन गर्नुपर्ने देखिन्छ। विद्यमान कार्यबोझ समेतका आधारमा अदालतहरूको क्षेत्राधिकार तथा दरबन्दी संरचनामा पुनरावलोकन एवम् विशिष्टीकृत अदालत तथा न्यायाधिकरणहरूको सेवा प्रवाहका भौतिक पूर्वाधारको व्यवस्था, विशिष्टीकृत अदालत तथा न्यायाधिकरणहरुका लागि स्थायी प्रकृतिको जनशक्ति व्यवस्थापन गर्नका लागि संगठन तथा व्यवस्थापन सर्भेक्षण, आवश्यक कार्यविधिको तर्जुमा लगायतका पक्षहरूको सम्बोधन सम्बन्धित सरोकारवाला निकायबाट हुनुपर्ने देखिएको छ।

- **न्यायिक जनशक्तिहरूको क्षमता अभिवृद्धि तथा वृत्ति विकास**

न्यायिक जनशक्तिको क्षमता र दक्षता अभिवृद्धिको लागि उच्च शिक्षा, व्यावसायिक तालिम, अवलोकन भ्रमणलगायतका कार्यक्रमहरूको व्यवस्थापन गर्नुपर्ने हुन्छ। न्यायाधीश तथा कर्मचारीहरूलाई आवश्यक तालिम कार्यक्रम पहिचानसहित तर्जुमा गरिएको न्यायिक जनशक्तिको क्षमता विकाससम्बन्धी उच्चस्तरीय तालिम नीति अनुरूप तालिम कार्यक्रमहरू सञ्चालन हुन सकेका छैनन्। प्रस्तुत सन्दर्भमा तालिम नीति एवम् रणनीतिक योजनाले निर्धारण गरेबमोजिम न्यायिक जनशक्तिको व्यवस्थापन तथा प्रतिस्पर्धी र क्षमतावान जनशक्ति न्यायापालिकामा प्रवेश गराई टिकाई राख्न सम्वद्ध निकायको सोही अनुरुपको दृष्टिकोण र पहलकदमी आवश्यक छ।

- **स्वचालित पेसी व्यवस्थापन पद्धतिको कार्यान्वयन**

न्यायपालिकामा हुनसक्ने विकृति, विसंगती, अनियमितता तथा विचौलियाबाट हुनसक्ने गतिविधि र त्यसको रोकथामका लागि कानूनी, संरचनागत लगायत उपयुक्त र प्रभावकारी उपायहरू सिफारिस गर्न गठित अध्ययन समितिले सिफारिस गरेको सुझाव समेतका आधारमा स्वचालित पेशी प्रणाली लागू गर्न आवश्यक पूर्वाधार तयारीका कार्य हुँदै आएको छ। स्वचालित पेसी व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सूचना प्रविधिको पूर्वाधार विकास, सफ्टवेर निर्माण तथा सोको प्रयोगसम्वन्धी सीप हस्तान्तरण लगायतका कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ। यस प्रयोजनका लागि आवश्यक स्रोत साधनको उपलब्धताको लागि सरोकारवाला निकायबाट आवश्यक सहयोग प्राप्त हुने विश्वास लिइएको छ।

- **मेलमिलाप पद्धति र बाल न्याय प्रणालीको प्रवर्द्धन**

मेलमिलाप पद्धतिलाई थप व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले मेलमिलापसम्वन्धी ऐन, २०६८ र मेलमिलापसम्वन्धी नियमावली, २०७० जारी भई कार्यान्वयनमा रहेका छन्। मेलमिलाप प्रक्रियालाई थप

प्रभावकारी बनाई विवादको दिगो समाधानका लागि उपयुक्त वातावरण सृजना गर्न सम्वद्ध पक्षहरुको थप क्रियाशीलताको आवश्यकता देखिन्छ। त्यसैगरी, बाल बिज्याईँमा संलग्न बालबालिकालाई न्याय निरुपणका क्रममा बाल सुधार गृहमा राख्नुपर्ने हुन सक्दछ। हाल नेपाल भर जम्मा ८ वटा बालसुधार गृहहरू सञ्चालनमा रहेको अवस्था छ। सञ्चालनमा रहेका बाल सुधार गृहहरूको भौगोलिक अवस्थितिलाई हेर्दा न्यायिक प्रक्रियामा सहज पहुँच र सहभागी हुन सक्ने अवस्था देखिँदैन। बालबालिका पक्ष रहेका मुद्दाहरूको अनुपातमा उपयुक्त स्थानहरूमा बालसुधार गृह सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ।

- **न्यायाधीश र न्यायिक जनशक्तिको सुविधा र उत्प्रेरणा**

न्यायपालिकामा कार्यरत जनशक्तिको कामको प्रकृति र हालको कार्यबोझ समेतलाई मध्येनजर गर्दा नियमित कार्यालय समयको अतिरिक्त बिहान बेलुकाको समयमा समेत मुद्दाको काम कारवाही तथा फैसला वा आदेशको तयारी लगायतका कार्यमा संलग्न हुनु पर्ने अवस्था देखिन्छ। न्याय सेवाको संवेदनशीलता, न्यायाधीशहरूको पदीय मर्यादा एवम् जिम्मेवारीसमेतलाई मध्येनजर राखी तलब भत्ता तथा सुविधा उपलब्ध गराउनु पर्ने सम्वन्धमा भएका विगतका अध्ययन प्रतिवेदनहरूको कार्यान्वयन हुन सकेको छैन।

- **न्यायिक कोष ऐन, २०४३ को कार्यान्वयन**

कोर्ट फी, दण्ड, जरिवाना, धरौटी वा जमानतको रकम फिर्ता गर्ने लगायतका न्यायसम्बन्धी आवश्यक कार्यहरु गर्न जारी गरिएको न्यायिक कोष ऐन, २०४३ को दफा ५ ले कोषको रकम अदालत तथा आवास भवन बनाउन, त्यस्ता भवनहरुको विस्तार, मर्मत एवम् स्याहार सम्भार गर्न र कानून बमोजिम अदालतले गर्नुपर्ने अन्य कुनै न्यायिक कार्यमा खर्च गर्न समेत सकिने व्यवस्था गरेको छ। न्यायपालिका सुधारका लागि आवश्यक बजेट उपलब्ध हुन नसकिरहेको सन्दर्भमा स्रोत साधनको व्यवस्थापन गर्न न्यायिक कोष ऐन, २०४३ लागु गरी कोष सञ्चालनमा ल्याउन आवश्यक देखिन्छ।

न्यायपालिकाले सञ्चालन गरेका सुधारका कार्यक्रम र न्यायपालिकाप्रतिको आम अपेक्षाका सन्दर्भमा अनुभूत गरिएका उल्लिखित सरोकार, समस्या तथा चुनौतीहरू न्यायपालिकाको एक्लो प्रयासबाट मात्र सम्बोधन हुन सम्भव छैन। सम्वन्धित सबैको सहयोग, समन्वय र सकारात्मक सोचबाट मात्रै यी विषयहरूको सम्बोधन हुन सक्दछ भन्ने कुरामा न्यायपालिका दृढ विश्वास राख्दछ। न्याय व्यवस्थालाई प्रभावकारी बनाई न्यायपूर्ण समाजको निर्माण गर्नु राज्यको प्रमुख दायित्व हो। न्याय प्रणालीको सफलता वा असफलतालाई न्यायपालिकामा मात्र सीमित गरी एकाङ्कि रूपमा हेरिनु हुँदैन। न्याय सम्पादनको विभिन्न चरणहरूमा सरोकारवालाहरूको आपसी सहयोग, सहकार्य र समन्वय अपरिहार्य रहन्छ। सरोकारवालाहरूवीच सहयोग र समन्वयको क्षेत्र पहिचान गरी समयसमयमा आपसी छलफल र परामर्शसमेत हुने गरेबाट परस्पर सहयोग र समन्वयको अवस्था सुदृढ हुँदै

गएको महसुस पनि भएको छ। तथापि यसलाई अझै बढी परिणाममुखी वा उद्देश्यमूलक बनाउने र कार्यान्वयनको तहमा पुऱ्याउने कार्यमा सम्वन्धित सबैको थप प्रतिवद्धता र क्रियाशीलता आवश्यक छ ।

*सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन वेवसाइटमा राखिसकिएको हुँदा सो सम्बन्धी विस्तृत विवरण, Supremecourt.gov.np मा हेर्न सकिनेछ।*

धन्यवाद !